Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: १५ | वि.सं. २०८३ वैशाख १५ मंगलवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल द्वादशी | Tuesday 28 April 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# सुस्तायो पेट्रोल अन्वेषण परियोजना

**चार किलोमिटर जमिनमुनिबाट संकलन गरिएका नमूना परीक्षण पश्चात चिनियाँ सरकारले दैलेखको भूगर्भमा ८० अर्ब घनमिटर क्षमतामा प्राकृतिक ग्यास तैरिएर बसेको प्रतिवेदन नेपाल सरकारलाई बुझाएको थियो । उक्त प्रतिवेदन सार्वजनिक भएसँगै नेताहरुमा अपनत्व लिनमा निकै होडबाजीसमेत चल्यो । तर, अहिले सिङ्गो परियोजना नै सुस्ताएको छ ।**



**ओम शाही**
**सुर्खेत, १४ वैशाख ।**

१७ पुस २०८१ मा दैलेखको भैरवी गाउँपालिका-१, जलजलेमा पेट्रोलिय पदार्थ अन्वेषणअन्तर्गतको 'ड्रिलिङ' (जमिनमुनि मेसिनको सहायताले खन्ने कार्य) को काम सम्पन्न भयो । चिनियाँ सरकारको आर्थिक तथा प्राविधिक सहयोग र खानी तथा भूगर्भ विभागअन्तर्गतको पेट्रोलियम अन्वेषण परियोजनाको अगुवाईमा चार किलोमिटर जमिनमुनि ड्रिल गर्ने कार्य सम्पन्न भएको थियो ।

उक्त ड्रिलिङ पश्चात संकलन गरिएका नमुनाको परीक्षणबाट जलजले क्षेत्रमा ८० अर्ब चार करोड घनमिटर प्राकृतिक ग्यासको भण्डार रहेको तथ्य फेला पर्‍यो । उक्त तथ्यले दैलेखवासीमा मात्र नभई सिङ्गो देशलाई उत्साह थपेको थियो । नेपालमै पहिलो पटक यति ठुलो मात्रामा प्राकृतिक ग्यास तैरिएको तथ्य बाहिरिएपछि प्राकृतिक इन्धनमाथिको परनिर्भरता घटाउने अपेक्षा सबैको थियो ।

चार किलोमिटर जमिनमुनिबाट संकलन गरिएका नमुना परीक्षण पश्चात चिनियाँ सरकारले दैलेखको भुगर्भमा ८० अर्ब घनमिटर क्षमतामा प्राकृतिक ग्यास तैरिएर बसेको प्रतिवेदन नेपाल सरकारलाई बुझायो । उक्त प्रतिवेदन सार्वजनिक भएसँगै नेताहरुमा अपनत्व लिनमा निकै होडबाजीसमेत चल्यो । तर, अहिले सिङ्गो परियोजना नै सुस्ताएको छ । पहिलो चरणको काम सम्पन्न भएसँगै चीन र नेपालबीच भएको दुई पक्षीय सम्झौता सकिएको छ ।

दोस्रो चरणका कामहरु अघि बढाउन बजेट अभावले अन्वेषणको काम सुस्ताएको हो । नेपाल सरकारले बाँकी अन्वेषणका कामअघि बढाउन बजेट व्यवस्थापन गर्न सकेको छैन भने चिनियाँ पक्षसँग मागिएको सहयोग पनि प्राप्त हुने वा नहुने भन्ने विषय टुङ्गोमा पुगेको छैन । जसका कारण प्राकृतिक इन्धनमार्फत समृद्धि हासिल गर्ने रणनैतिक महत्वको आयोजना अलपत्र पर्ने जोखिम बढेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको खानी तथा भूगर्भ विभागका उपमहानिर्देशक एवम् प्रवक्ता डा. गणेश नाथ त्रिपाठीका अनुसार दोस्रो चरणको ग्यास टेस्टिङ कार्यमा प्राविधिक र आर्थिक सहयोग गरिदिन चीन सरकारसँग अनुरोध गरिएको छ । तर, हालसम्म कुनै जवाफ प्राप्त नभएको उनले बताए । यस अघि चीन सरकारकै आर्थिक तथा प्राविधिक सहयोगमा चाइना जिओलोजिकल सर्भेले जलजले क्षेत्रमा ड्रिलिङसहितको अन्वेषण कार्य सम्पन्न गरेको थियो ।

प्राविधिकरुपमा नेपालका लागि नयाँ र लागत पनि बढी हुने भएकाले दोस्रो चरणका काममा पनि नेपालले चिनियाँ सरकारको सहयोग खोजेको हो । त्रिपाठी भन्छन्, 'हामीसँग नेपाल सरकारका तर्फबाट त्यस्तो बजेटरी एलोकेसन खासै केही छैन । ग्यास टेस्टिङ लगायतका बाँकी काम पनि चाइनाकै टिमसँग होस् भन्ने हाम्रो चाहना हो । यसका लागि थप आर्थिक र प्राविधिक सहयोग गरिदिन अनुरोध पत्र पठाएका छौं । उताबाट

बाँकी ४ पेजमा

## ...जब भारतले अघोषित नाकाबन्दी लगायो

खानी तथा भूगर्भ विभागले विगत चार दशकदेखि पेट्रोलियम पदार्थको अन्वेषण गर्दै आएको छ । प्राविधिक जनशक्ति र उपकरण अभावले अन्वेषणले गति लिन भने सकेको थिएन । ४ असोज २०७२ मा नेपालको नयाँ संविधान जारी भएलगत्तै छिमेकी मुलुक भारतले अघोषित नाकाबन्दी लगायो । नाकाबन्दीका कारण नेपालमा पेट्रोलियम पदार्थको अभाव चुलियो ।

अभावकै बीचमा देशभित्रै सम्भावित पेट्रोलियम पदार्थको खोजी थालियो । अनि सुरु भयो दैलेखमा पेट्रोलियम पदार्थको उत्खननका लागि अन्वेषणको काम । भारतीय नाकाबन्दीले नै यहाँ पेट्रोलियम पदार्थको उत्खननका लागि अन्वेषणको काम गर्ने साइत जुरेको थियो । २०७२ मंसिरमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारका उद्योगमन्त्री सोमप्रसाद पाण्डेसहित चिनियाँ टोली दैलेख पुग्यो ।

पेट्रोलियम पदार्थको सम्भाव्यता अध्ययन गर्न आएको मन्त्री पाण्डेसहितको टोलीले दैलेखमा पेट्रोलियम पदार्थको भण्डार रहेको निष्कर्षसहित अन्वेषण कामको सुरुवात गर्ने उद्घोष गरेर फर्किएको थियो । उतिबेला अनुसन्धान गरी चीन

बाँकी २ पेजमा

# नहरमा पानी छ, किसानको चैतेधान खेतीतर्फ छैन आकर्षण

**युग संवाददाता**
**बाँके, १४ वैशाख ।**

सिक्टा सिँचाइ आयोजनाले सिँचाइका लागि नहरमा पर्याप्त पानी छोडे पनि बाँकेमा चैते धानखेतीतर्फ किसानको आकर्षण बढ्न सकेको छैन । गहुँखेती भित्र्याएपछिको खाली जमिन सदुपयोगका लागि चैते धान उपयोगी भए पनि बाँकेमा किसानहरू व्यावसायिक रूपमा चैते धानखेतीतर्फ आकर्षित हुन नसकेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले बताए ।

उनका अनुसार, केही वर्षअघिसम्म करिब ३० हेक्टर क्षेत्रफलमा गरिँदै आएको चैते धानखेती अहिले घटेर १८ हेक्टर क्षेत्रफलमा पुगेको छ । बाँकेको राप्तीसोनारी, बैजनाथ, खजुरा र जानकी गाउँपालिकामा किसानले चैते धानखेती गर्दै आएका छन् ।

सङ्घीय सरकारले चैते धान प्रवर्द्धनका लागि स्थानीय तहमार्फत किसानलाई सहयोग गर्दै आएको छ ।



सङ्घीय सरकारको चैते धान प्रवर्द्धन योजनाअनुसार अहिले बाँकेको जानकी र खजुरा गाउँपालिकाले किसानलाई प्रोत्साहन गर्न सुरु गरेको सूचना अधिकारी पाठकले जानकारी दिए ।

बर्खे धानको तुलनामा चैते धानको उत्पादकत्व क्षमता बढी रहेको छ । बर्खेधान प्रतिहेक्टर ४.४ टन उत्पादन हुँदा चैते धानको उत्पादकत्व क्षमता ४.६५ रहेको छ । चैते धान भित्र्याउने बेलामा पानी परेर स्याहार्न समस्या हुने भएकाले किसानको आकर्षण घट्दो रहेको खजुरा गाउँपालिका-१ राधापुरका किसान मगनसिंह थापाले बताए ।

उनले सिँचाइ, बीउ, प्राविधिक सहयोग र धान स्याहार्ने बेला पानीबाट बचाउन धान सुक्खा बनाउने ड्राइ मेसिन, त्रिपालजस्ता वस्तुमा अनुदान दिनसके चैते धानतर्फ किसान प्रोत्साहित हुन सक्ने उल्लेख गरे ।

सिक्टा सिँचाइ आयोजनाले नहरमा पानी छोडेपछि तीनवर्षे खेती गर्न किसानलाई सहज हुँदै आएको छ । आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म आइपुग्दा २४ हजार हेक्टर जमिनमा प्रत्यक्ष सिँचाइ सुविधा पुगेको छ । सिक्टा सिँचाइको पानी नपुगेको क्षेत्रमा कृषि ज्ञान केन्द्रले सिँचाइका लागि ५० प्रतिशत अनुदानमा सहकारी र कृषक समूहलाई 'बोरिङ' वितरण गरेको पाठकले बताए ।

# जुम्लामा इ-पेन्सन सेवा सुरु

**युग संवाददाता**
**जुम्ला, १४ वैशाख ।**

हिमाली जिल्ला जुम्लामा पहिलोपटक सरकारका स्थायी कर्मचारीका लागि इ-पेन्सन सुरु गरिएको छ । सङ्घीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको इ-पेन्सन सेवा जुम्लाबाट सुरु गरी कार्यान्वयनमा ल्याएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मन्जित अछामीले जानकारी दिए ।

सो सेवाअन्तर्गत चन्दननाथ नगरपालिकाबाट निवृत्त कृषि विकास कार्यालयका कृषि अधिकृत कमल थापा क्षेत्रीले पहिलो सेवाग्राहीका रुपमा सेवा लिएका छन् । कार्यालयमार्फत अधिकार पत्रसँगै सञ्चित बिदाको रकम र उपचार खर्चसमेत एकै ठाउँबाट प्राप्त गर्न सकिने व्यवस्था रहेको कोष नियन्त्रक अछामीले बताए ।

इ-पेन्सन सेवा उपलब्ध भएपछि काठमाडौँ जाने बाध्यता हटेको छ । समय र खर्चको बचतसमेत भएको छ । सेवा प्रवाहलाई थप डिजिटल बनाउन लागिपरेको कोष नियन्त्रकको कार्यालयले जनाएको छ ।






युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# मूल्यवृद्धिप्रति सरकारको मौनता किन ?

मध्यपूर्व तनावको सोझो असर यति बेला नेपालले भोगिरहेको छ । अमेरिका र इजरायले मध्यपूर्वी देश इरानमाथि आक्रमण थालेपछि विश्वव्यापी इन्धन आपूर्तिको श्रृंखला नराम्ररी प्रभावित बनेको छ। विश्वमा २० प्रतिशत इन्धन आपूर्ति हुने स्टेट अफ हर्मुजलाई इरानले आफ्नो नियन्त्रणमा राख्ने प्रयास जारी राखेको छ। जसको साइड इफेक्ट नेपालमा दैनिक उपभोग्य सामग्रीदेखि हरेक क्षेत्रमा परेको छ । इन्धन आपूर्तिमा अवरोध सिर्जना भएसँगै नेपालमा पछिल्लो ६ महिनाको अवधिमा थुप्रै पटक पेट्रोलियम पदार्थमा भारी मूल्यवृद्धि भइसकेको छ। सुरुमा इन्धनमा भएको मूल्यवृद्धिको असर नेपालीको भान्सामा परेको थियो। हाल आएर समर्ग क्षेत्रमा पर्न थालेको छ। देशको झण्डै ६० प्रतिशत बढी पूँजिगत बजेट कार्यान्वयन गरिरहेको निर्माण क्षेत्र इन्धनमा भएको अस्वभाविक मूल्यवृद्धिकै कारण सिथिल बन्ने अवस्थामा पुगेको छ। जसको असर तत्काल मूल्यवृद्धि नियन्त्रण गर्न सरकारले उचित कदम नचाले देशको सिङ्गो विकास निर्माण नै ठप्प हुने जोखिम बढेको छ। सरकारले सर्वत्र मूल्यवृद्धिको असर परेको भएपनि हासम्म कुनै पनि नीतिगत व्यवस्था गरेर अवस्था सामान्य गराउनतर्फ ध्यान दिन सकेको छैन ।

इन्धन तथा निर्माण सामाग्रीमा भएको अप्रत्याशित र अत्याधिक मूल्यवृद्धिका कारण निर्माण उद्योग धरासायी भएको भन्दै कर्णाली प्रदेशका निर्माण व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघले वर्तमान परिस्थितिलाई निर्माण क्षेत्रमा आएको सुनामीको संज्ञा दिएको छ। महासंघले डिजेल, पेट्रोल, बिटुमिन, सिमेन्ट र डण्डी लगायतका अत्यावश्यक सामाग्रीको मूल्यमा भारी बृद्धि हुँदा सरकारको पूँजिगत बजेट कार्यान्वयनमा गम्भीर असर पर्ने चेतावनी दिएको छ। भारी मूल्यवृद्धिका कारण बजारमा सामग्रीको अभावसमेत देखिन थालेकाले प्रदेशभरका साना-ठूला निर्माण आयोजनाहरू ठप्प हुने अवस्थामा पुगेको निर्माण व्यवसायीको गुनासो छ। राष्ट्र बैंकको मूल्य सूचकाङ्क र बजारको वास्तविक मूल्यबीच ठूलो अन्तर हुँदा व्यवसायीहरूले ठूलो आर्थिक नोक्सानी बेहोर्नु परेको दावी निर्माण व्यवसायीको छ। मूल्यवृद्धिका कारण निर्माण कार्य रोकिँदा निर्माण क्षेत्रमा आबद्ध लाखौं श्रमिक र आश्रित उद्योगहरू प्रत्यक्ष मारमा परेका छन्। मूल्यवृद्धिको असर निर्माण व्यवसायी र मजदुरले मात्र नभई सरकारको पूँजिगत बजेट कार्यान्वयनमा परेको छ। अहिलेको प्रतिकूल परिस्थितिका कारण निर्धारित समयमा आयोजना सम्पन्न गर्न असम्भव जस्तै बनेको छ।

यसले भविष्यमा विकास निर्माणको प्रगतिमा गम्भीर असर पुऱ्याउने देखिन्छ। यसर्थ, निजी क्षेत्रलाई जोगाउन सकेमात्र विकास निर्माणले पूर्णता पाउछन्। सडक, पुल तथा भवन लगायतका पूर्वाधार निर्माणमा लगाउँदाको मूल्य र अहिलेको मूल्य आकाशपातालको फरक छ। यस्तो अवस्थामा राज्यले विशेष व्यवस्था गरेर भएपनि निर्माण व्यवसायीलाई धरासायी बन्न दिनु हुँदैन । यदि यसो हुन नसकेको खण्डमा सरकारको ६० प्रतिशत बढी बजेट कार्यान्वयन गर्ने निजी क्षेत्र र सरकारबीच द्वन्द्व बढ्सक्ने जोखिम उत्तिकै छ। यसतर्फ सरकारले बेलैमा ध्यान पुऱ्याउन आवश्यक छ । मूल्यवृद्धिको असर निर्माण क्षेत्रमा मात्र नभई समग्र क्षेत्रमा परेको छ । जतातत‍ै भएको मूल्यवृद्धिले नागरिक आक्रान्त बन्दा सरकार मुखदर्शक बनेर बसेको छ । हरेक संकटबाट नागरिकलाई जोगाउनु राज्यको पहिलो दायित्व हो । यसबाट राज्यले एक इन्च पनि तलमाथि गर्न पाउँदैन । अहिलेको विषमूपरिस्थितीलाई सम्बोधन गर्न सहुलियतपूर्ण कार्यक्रममार्फत सरकारले विशेष योजना ल्याउनतर्फ ध्यान देओस् ।

## विश्व

# इरान-अमेरिका तनावबीच मस्को दौडधुप

**मस्को, १४ वैशाख ।**

इरान र अमेरिकाबीचको तनावपूर्ण अवस्थालाई नियन्त्रणमा ल्याउने कूटनीतिक प्रयास अनिश्चित बन्दै जाँदा इरानका विदेशमन्त्री अब्बास अराघची सोमबार रुस आइपुगेका छन्। क्षेत्रीय वार्ताहरू विफल बन्दै गएको र मध्यस्थताका प्रयासहरू दबाबमा परिरहेका बेला उनको यो भ्रमणलाई अत्यन्त अर्थपूर्ण रूपमा हेरिएको छ।

इरानी विदेश मन्त्रालयका अनुसार अराघची सेन्ट पिटर्सबर्ग पुगेका छन् । त्यहाँ उहाँले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । तेहरान र वासिङ्टनबीच प्रत्यक्ष संवाद ठप्पजस्तै अवस्थामा पुगेका बेला मस्कोमार्फत सम्भावित सहमतिको बाटो खोज्ने प्रयास तीव्र बनाइएको सङ्केत यसले दिएको छ।

अराघचीले यसअघि ओमान र पाकिस्तानको भ्रमण गर्दै मध्यस्थकर्ताहरूसँग परामर्श गरेका थिए । इस्लामाबादमा हुने अपेक्षा गरिएको दोस्रो चरणको वार्ता भने अन्तिम समयमा आएर रोकिएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना दूत स्टिभ विटकफ र जारेड कुसनरको पाकिस्तान भ्रमण रद्द गरेपछि वार्ताको गति एकाएक अवरुद्ध भएको हो ।

यद्यपि संवाद पूर्ण रूपमा बन्द नभएको सङ्केतहरू देखिएका छन् । इरानले पाकिस्तानमार्फत अमेरिकी पक्षलाई लिखित सन्देश पठाउँदै आणविक मुद्दा र हर्मुज जलघाँटी जस्ता संवेदनशील विषयमा आफ्ना 'लक्ष्मण रेखा' स्पष्ट पारेको बताइएको छ । यी सन्देश औपचारिक वार्ताको हिस्सा नभए पनि सम्पर्क कायम राख्ने प्रयासका रूपमा हेरिएको छ।

अमेरिकी सञ्चारमाध्यम एक्सियोसका अनुसार इरानले युद्ध अन्त्य र हर्मुज जलघाँटी पुनः खोल्ने प्रस्ताव पनि अघि सारेको छ, यद्यपि त्यसलाई आणविक वार्तापछिको चरणसँग जोडिएको बताइएको छ । इरानी सरकारी समाचार एजेन्सीले उक्त रिपोर्ट अस्वीकार नगरी उल्लेख गरेको छ ।

हाल इरानसँगको अमेरिका-इजरायल द्वन्द्वमा औपचारिक युद्धविराम भए पनि यसको प्रभाव विश्वव्यापी रूपमा फैलिएको छ। इरानले हर्मुज जलघाँटी बन्द गरेपछि तेल, ग्यास र मलको आपूर्ति अवरुद्ध भएको छ, जसका कारण मूल्यवृद्धि भई विशेषतः विकासशील देशहरूमा खाद्य असुरक्षाको चिन्ता बढेको छ । यसैबीच अमेरिकाले पनि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लगाएको छ।

इस्लामाबाद वार्ता रद्द भएपछि उत्पन्न परिस्थितिबारे प्रतिक्रिया दिँदै ट्रम्पले वार्ता बन्द नभएको स्पष्ट पारे। उनले इरान वार्ताका लागि इच्छुक भए अमेरिकासँग प्रत्यक्ष सम्पर्क गर्न सक्ने बताए। नोभेम्बरमा हुने मध्यावधि चुनाव नजिकिँदै जाँदा बढ्दो इन्धन मूल्यका कारण ट्रम्पमाथि घरेलु दबाब पनि बढ्दै गएको छ र सर्वेक्षणहरूले युद्धप्रति अमेरिकी जनमत नकारात्मक रहेको देखाएका छन् ।

शनिबार अराघचीले ओमान भ्रमणका क्रममा सुरक्षित पारवहन सुनिश्चित गर्ने विषयमा छलफल गरेका थिए । उनले सामाजिक सञ्जालमार्फत हर्मुजमार्फत सुरक्षित आवतजावत सबै देशहरूको हितमा रहेको उल्लेख गर्दै छिमेकी राष्ट्रहरूलाई प्राथमिकतामा राखिएको बताए ।

# ...जब भारतले...

फर्केको टोलीले पेट्रोलियम पदार्थ रहेको पुष्टि गऱ्यो । २०७२ चैतमा नेपाल र चीनबीच पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन्मा सहकार्य गर्ने सहमति भएको थियो ।

नेपालले २०७५ माघमा दैलेखको पेट्रोलियम पदार्थको विस्तृत अन्वेषण गर्न चीनलाई दिनेसम्बन्धी परियोजना स्वीकृत गऱ्यो। उक्त सहमतिअनुसार २०७६ मा खानी तथा भूगर्भ विभाग र चिनियाँ सरकारको जिओलोजिकल सर्भे कम्पनीबीच दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन् गर्न दुई अर्ब ४० करोड आर्थिक तथा प्राविधिक सहयोगमा सम्झौता भएको थियो।

१६ असार २०७६ मा तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादव नेतृत्वको टोलीले दैलेखको नाभीस्थान आएर अन्वेषणको औपचारिक उद्घाटन गरेको थियो।

त्यसपछि खानी तथा भूगर्भ विभाग र चाइना जियोलोजिकल सर्भेको विज्ञ टोलीले अन्वेषणको काम थालेको थियो । दुई देशको प्राविधिक टोलीले साइस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे, जिओकेमिकल स्याम्पलिङ सर्भेलगायतका काम सम्पन गरेको थियो ।

स्थलगत सर्भेको काम सकेर कोरोना माहामारी सुरु हुनासाथ २०७६ फागुनमा चिनियाँ टोली चीन फर्कियो। सन् २०२२ सम्म अन्वेषणको काम सक्ने गरी सम्झौता गरिएको भए पनि कोरोना महामारीका कारण पुरा हुन सकेन। त्यसपछि १४ चैत २०७८ को मन्त्रिपरिषद् बैठकले परियोजनाको म्याद दुई वर्ष थप गर्ने निर्णय गरेको थियो।

पञ्चकोशी तीर्थस्थलमध्ये अहिले श्रीस्थान, नाभीस्थान र पादुकामा अखण्ड रूपमा ज्वाला बलिरहेका छन्। श्रीस्थानमा जमिनमुनिबाट निस्किएको अखण्ड दीपका रूपमा मन्दिरमा बाल्ने गरिएको छ। त्यो करिब तीन सय वर्षदेखि बलिरहेको स्थानीय बताउँछन्। तर, सरकारी अध्ययनले यसरी निरन्तर जमिनमा ज्वाला बल्नुको पछाडि कुनै दैवी चमत्कार नभएर जमिनमुनि प्राकृतिक ग्यास रहेको पुष्टि गरिसकेको छ।

# दुई लाख पुरस्कारको महिला फुटबल प्रतियोगिता आयोजना हुने

**युग संवाददाता**
**कैलाली, १४ वैशाख ।**

युथ अफ टीकापुरले खुला महिला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतियोगिता यही यही वैशाख २५ गतेदेखि हुन लागेको हो। अध्यक्ष अभिशेख शाहले हरेक वर्ष क्रिकेट प्रतियोगिता गर्दै आए पनि यस वर्षदेखि फुटबललाई जोड दिइएको बताउँछन।

"हामीले क्रिकेट प्रतियोगिता हरेक वर्ष गर्दै आएका थियौं," उनले भने, "यस वर्षबाट फुटबल प्रतियोगितालाई पनि जोडेका छौं।" प्रतियोगिताको उपाधि जित्ने टोलीले रु दुई लाख दुई हजार २२२ पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले रु एक लाख ११ हजार १११ प्राप्त गर्ने आयोजकले जनाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीले रु १० हजार ५०० प्राप्त गर्नेछ। त्यसैगरी, उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिड फिल्डर र उत्कृष्ट प्रशिक्षकलाई जनही रु पाँच हजार ५०० पुरस्कार प्रदान गरिने क्लबका कोषाध्यक्ष दीपक रिमालले जानकारी दिए।

खासगरी युवाहरूलाई खेलकुदमा प्रेरित गर्न प्रतियोगिताले भूमिका खेल्ने विश्वास कोषाध्यक्ष रिमालले गरेका छन्। उनका अनुसार महिला फुटबलको हकमा ठूलो राशिको पहिलो प्रतियोगिता आयोजना हुन लागेको छ। प्रतियोगितामा देशभरबाट १६ महिला टोलीको सहभागिता रहनेछ।

युथ अफ टीकापुरका खेलाडी सीमा बयकले विद्यालयबाट बाहिर गएर प्रतियोगिताहरूमा सहभागी भए पनि आफ्नै खेलमैदानमा प्रतियोगिता हुनु खेलाडीका लागि गर्वको विषय भएको बताए।










## वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।१५)**

यस वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेड सुर्खेतको मुख्य कार्यालय तथा सेवाकेन्द्र कार्यालयहरुबाट विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि ऋण उपयोग गरेका तपसिलमा उल्लिखित ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, व्याज र हर्जना समेतको बाँकी बक्यौता रकम तोकिएको म्यादमा नतिरी नबुझाई बाँकी बक्यौता देखिन आएकोले र यस अघि नै उल्लिखित ऋणी सदस्यहरुलाई मौखिक, लिखित तथा एसएमएसका माध्यमबाट ऋण चुक्ता भुक्तानी गर्नको लागि पटक/पटक अनुरोध गर्दा समेत ऋणको साँवा, व्याज र हर्जना बापतको रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै पनि किसिमको तत्परता नदेखाई संस्थासँग भए गरेका शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले उल्लिखित ऋणीहरुको नाउंमा बक्यौता ऋण चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस संस्थाको मुख्य कार्यालय वा सम्बन्धित सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राखी सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जना बापतको बाँकी बक्यौता रकम चुक्ता गर्नुहुन सूचित गरिन्छ। उल्लिखित समयावधि भित्र सम्पूर्ण ऋणको साँवा, ब्याज र हर्जाना बापतको रकम चुक्ता नगरेमा तपाई ऋणीले ऋण लिदाँ उपलब्ध गराएको धितो लिलाम गर्ने, ऋणी तथा जमानी दिनेको नाम समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने लगायत ऋण असुल उपर गरी लिनको लागि सहकारी ऐन, २०७४ को दफा ७९,सहकारी नियमावली २०७५ को दफा ३०, कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा ८१ तथा अन्य प्रचलित कानुन बमोजिम धितो लिलाम बिक्री गरिने र उक्त प्रक्रियाबाट असुल उपर नभए ऋणीको एकाघर परिवार र ऋणीलाई व्यक्तिगत जमानी दिने जमानिकर्ताको नेपालभर रहेको चल-अचल सम्पत्तिबाट सहकारी ऐन, २०७४ को दफा ८४ बमोजिम लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउँदै यथाशिघ्र कर्जा भुक्तानी गर्न गराउनुहुन सम्बन्धित ऋणीलाई यसै सार्वजनिक सुचना मार्फत सूचित गरिन्छ ।

तपसिल

| ऋणीको नाम | जमानी बस्नेको नाम ठेगाना |
|---|---|
| १. ऋणीः सपना पहाडी वि.क.<br>बुवा : रुकुम बहादुर विश्वकर्मा<br>बाजे : इन्द्र बहादुर विश्वकर्मा<br>ठेगाना : वीरेन्द्रनगर ४, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत<br>ना.प्र.नं. : ६४१क.प.र/१०६७६७, सुर्खेत<br>जारी मितिः २०६८/०३/३०  | १.जमानी दिनेको नामः रुकुम बहादुर विश्वकर्मा<br>बुवा : इन्द्र बहादुर विश्वकर्मा<br>बाजे : नन्द बहादुर विश्वकर्मा<br>ठेगाना : कुसापानी ५, दैलेख<br>हाल ठेगाना :वीरेन्द्रनगर ०३, सुर्खेत  |
| २. ऋणीः इन्द्रा आले मगर<br>बुवा : अम्मर बहादुर थापा मगर<br>बाजे : गगन सिंह थापा मगर<br>ठेगाना : बेतान २, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत<br>ना.प्र.नं. : ६४१००२/९६२५८ ,सुर्खेत<br>जारी मितिः २०६७/२/२०  | १. जमानी दिनेको नामः चक्र बहादुर आले<br>बुवा : गगन सिंह आले मगर<br>बाजे : बहादुर सिंह आले<br>ठेगाना : बेतान ०२, सुर्खेत<br>हाल ठेगाना : वीरेन्द्रनगर ०३, सुर्खेत  |
| ३. ऋणी : मन्जु शाही<br>बुवा : नगेन्द्र बहादुर शाही<br>बाजे : जगत बहादुर शाही<br>ठेगाना : उत्तरगंगा 8, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत<br>ना.प्र.नं. : ७२८११, सुर्खेत<br>जारी मितिः २०६२/०४/२७  | १. जमानी दिनेको नामः जिवन शाही<br>बुवा : पुर्ण बहादुर शाही<br>बाजे : जगत बहादुर शाही<br>ठेगाना : उत्तरगंगा ०८, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत  |
| ४. ऋणी : लक्ष्मी कुमारी शाही<br>श्रीमान : मोहन बोहरा<br>ससुरा : पहल सिह बोहरा<br>ठेगाना : वीरेन्द्रनगर २, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ५९९५६, सुर्खेत<br>जारी मितिः २०५४/११ /०५  | १. जमानी दिनेको नामः बिमला सुनार<br>श्रीमान : चित्र बहादुर वि.के.<br>ससुरा : डम्मर सुनार<br>ठेगाना : शम्सेरगंज ७, बांके<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत  |
| ५. ऋणी : विमला नेपाली<br>श्रीमान : निरक वि.क.<br>ससुरा : राम बहादुर कामी<br>ठेगाना : वीरेन्द्रनगर १२,सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ६४/०१/७६-०००१५७, सुर्खेत<br>जारी मितिः २०७६/०१/०९  | १. जमानी दिनेको नामः निरक वि.क.<br>बावु : राम बहादुर कामी<br>बाजे : पले कामी<br>ठेगाना : वीरेन्द्रनगर १२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १२, सुर्खेत  |
| ६. ऋणी : दुर्गा कुमारी परियार<br>बाबु : खड्ग बहादुर दमाई<br>बाजे : बिर सिं दमाई<br>ठेगाना : नारायण न.पा. ९, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर १२, सुर्खेत<br>ना.प्र.नं. : १११७१०/६५३, दैलेख<br>जारी मितिः २०६१/०८/२०  | १. जमानी दिनेको नामःचन्द्र बहादुर नेपाली<br>बाबु : कविराम दमाई<br>बाजे : नरविर दमाई<br>ठेगाना : बराह ०३, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर १२, सुर्खेत  |
| ७. ऋणीः हमित खाँ<br>बाबु : रैहम खाँ<br>बाजे : शेरमत खाँ<br>ठेगाना : जर्बुटा १, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : १८७००, सुर्खेत<br>जारी मितिः २०४०/०७/२४  | १. जमानी दिनेको नाम : सयदा खातुन<br>बावु : हमित खाँ<br>बाजे : रैहम खाँ<br>ठेगाना : लाटिकोइली ९, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत  |
| ८. ऋणीः चन्द्रा कुमारी रोकाय<br>बाबुः खिम बहादुर रोकाय मगर<br>बाजेः सिंङ्ग विर रोकाय मगर<br>ठेगाना : सहारे ७, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ९७४८ सुर्खेत<br>जारी मितिः २०५४/०३/०९  | १. जमानी दिनेको नाम : रजनी वली<br>बाबुः तिलक बहादुर वली<br>बाजेः बिर बहादुर वली<br>ठेगाना : सहारे ७, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत  |

| | |
|---|---|
| ९.ऋणीः रामलाल कठायत<br>बाबुः कृपे कठायत<br>बाजे : रामसिह कठायत<br>ठेगाना : विशाला ४, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत<br>ना.प्र.नं. : १८२०, दैलेख<br>जारी मितिः २०४५/१/०६  | १. जमानी दिनेको नाम : रिमा कठायत<br>बाबु : रामलाल कठायत<br>बाजे : कृपे कठायत<br>ठेगाना : विशाला ४, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर ३, सुर्खेत  |
| १०. ऋणीः रितु परीयार<br>बाबुः गेदे कामी<br>बाजेः पदमे कामी<br>ठेगाना : वीरेन्द्रनगर २, सुर्खेत<br>हालको ठेगानाः गुर्भाकोट ०२, सुर्खेत<br>ना.प्र.नं. : ६४–०१–७६–०२३१० सुर्खेत<br>जारी मितिः २०७३/०३/२५  | १. जमानी दिनेको नाम : प्रेम परियार<br>बाबुः कुने दमाई<br>बाजेः मेघलाल परियार<br>ठेगाना : गुर्भाकोट २, सुर्खेत<br>हालको ठेगानाः गुर्भाकोट २,, सुर्खेत  |
| ११. ऋणीः शान्ता थापा<br>पतिः दिपेन्द्र कुमार थापा<br>ससुराः टोप बहादुर थापा<br>ठेगाना : गमौडी ३, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत<br>ना.प्र.नं. : ६३२०४२/१४९ दैलेख<br>जारी मितिः २०६६/०७/०५  | १. जमानी दिनेको नाम : दिपेन्द्र कुमार थापा<br>बाबुः टोप बहादुर थापा<br>बाजेः चन्द्र बहादुर थापा<br>ठेगाना : गमौडी ३, दैलेख<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत  |
| १२. ऋणीः लक्ष्मी सिंह ठकुरी<br>पतिः सेतु सिंह ठकुरी<br>ससुराः कृष्ण बहादुर सिंह ठकुरी<br>ठेगाना : रामघाट ५, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर १०, सुर्खेत<br>ना.प्र.नं. : ३४९६ सुर्खेत<br>जारी मितिः २०४६/०२/२४  | १. जमानी दिनेको नाम : संगिता सिंह ठकुरी<br>बाबुः सेतु सिंह ठकुरी<br>बाजेः कृष्ण बहादुर सिंह ठकुरी<br>ठेगाना : रामघाट ५, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर २, सुर्खेत  |
| १३. ऋणीः धनसरा देवी खत्री<br>पतिः डम्मर बहादुर खत्री<br>ससुरा टोप बहादुर खत्री<br>ठेगाना : खैराला ३, कैलाली<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत<br>ना.प्र.नं. : ६७–३–०१०/१०९ कैलाली<br>जारी मितिः २०६३/११/०८  | १.जमानी दिनेको नामः डम्मर बहाददुर खत्री<br>बाबुः टोप बहादुर खत्री<br>बाजेः खड्क बहादुर खत्री<br>ठेगाना : खेराला ३, कैलाली<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत  |
| १३. ऋणीः डम्मर बहादुर खत्री<br>बाबुः टोप बहादुर खत्री<br>बाजेः खड्क बहादुर खत्री<br>ठेगाना : खैराला ३, कैलाली<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत<br>ना.प्र.नं. : ६७१०१०/४४७८ कैलाली<br>जारी मितिः २०६५/१०/०६  | १. जमानी दिनेको नाम :धनसरन देवी खत्री<br>बाबुः डम्मर बहादुर खत्री<br>बाजेः टोप बहादुर खत्री<br>ठेगाना : खैराला ३, कैलाली<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत  |
| १४. ऋणीः मिना नेपाली<br>पतिः वीर बहादुर नेपाली<br>ससुराः नैन सिँ<br>ठेगाना : उत्तरगंगा १, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०२, सुर्खेत<br>ना.प्र.नं. : ७३०७३ सुर्खेत<br>जारी मितिः २०६२/०५/१६  | १. जमानी दिनेको नाम : वीर बहादुर नेपाली<br>बाबुः नैन सिँ<br>बाजेः गोरे<br>ठेगाना : उत्तरगंगा १, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०२, सुर्खेत  |
| १५. ऋणीः मंगला विश्वकर्मा<br>बाबुः प्रेम बहादुर सुनार<br>बाजेः हस्त बहादुर सुनार<br>ठेगाना : वीरेन्द्रनगर ०२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत<br>ना.प्र.नं. : ६४१०१७/१००१८१ सुर्खेत<br>जारी मितिः २०६७/०८/१३  | १. जमानी दिनेको नाम : विष्णा कुमारी वि.क.<br>ठेगाना : वीरेन्द्रनगर ०२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत<br>२. जमानी दिनेको नाम : पूर्णीमा विश्वकर्मा<br>ठेगाना : वीरेन्द्रनगर ०२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०१, सुर्खेत |
| १६. ऋणीः मदन थापा<br>बाबुः गंगाराम थापा<br>बाजेः पदम बहादुर थापा<br>ठेगाना : नेपालगंज १, बाके<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत<br>ना.प्र.नं. : ६६१०१९/१६४३ बाके<br>जारी मितिः २०६६/०४/१९  | १. जमानी दिनेको नाम : भावना भण्डारी<br>पतिः मदन थापा<br>ससुराः गंगाराम थापा<br>ठेगाना : कम्दी ०९, बाकेँ<br>हालको ठेगानाः वीरेन्द्रनगर ०३, सुर्खेत  |
| १७. ऋणीः रण बहादुर पुलामी<br>बाबुः दिल बहादुर पुलामी<br>बाजेः निलकण्ठ पुलामी<br>ठेगाना : लेखगाँउ ८, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०२, सुर्खेत<br>ना.प्र.नं. :४४८५७ सुर्खेत<br>जारी मितिः २०५८/०७/०२  | १. जमानी दिनेको नाम : रञ्जना बुढा<br>बाबुः पशुपती बुढा<br>बाजेः नन्द बहादुर बुढा<br>ठेगाना : वीरेन्द्रनगर ०२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०२, सुर्खेत <br>२. जमानी दिनेको नाम : गणेश बुढा<br>बाबुः पशुपती बुढा<br>बाजेः नन्द बहादुर बुढा<br>ठेगाना : वीरेन्द्रनगर ०२, सुर्खेत<br>हालको ठेगानाः वीरेन्द्रनगर ०२, सुर्खेत  |

विस्तृत जानकारीका लागी :

BIRENDRANAGAR SACCOS 2058

**वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि. (BSACCOS)**
वीरेन्द्रनगर–०६ सर्खेत ।
फोन नं.०८३–५२२३१७/५२३३१७

# सात वर्षपछि पनि अधुरा गाउँका अस्पताल शिलान्यासमै सीमित

**गोल्डेन बुढा**
**जुम्ला, १४ वैशाख ।**

संघीय सरकारले ग्रामीण भेगमै आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यले अघि सारेको अस्पताल निर्माण योजना जुम्लामा भने वर्षौंदेखि कागजमै सीमित जस्तै बनेको छ। शिलान्यास भएको सात वर्ष बितिसक्दा पनि कनकासुन्दरी र तिला गाउँपालिकामा अस्पताल भवन निर्माण पूरा नहुँदा स्थानीयवासी अझै सामान्य उपचारका लागि समेत सदरमुकाम खलंगा पुग्न बाध्य छन्।

जुम्लाको कनकासुन्दरी गाउँपालिकामा तत्कालीन अध्यक्ष नरबीर रावतले २०७७ मंसिरमा १५ बेडको अस्पताल भवनको शिलान्यास गरेका थिए। कनकासुन्दरी-५ हाटसिंजामा निर्माणाधीन भवनका लागि २२ जना स्थानीयले ३ हजार ५ सय वर्गमिटर जग्गा निःशुल्क उपलब्ध गराए।

स्थानीयको अपेक्षा थियो। गाउँमै अस्पताल बन्छ, उपचार सहज हुन्छ। तर सात वर्ष बित्दासमेत भवन पूरा नहुँदा त्यो अपेक्षा निराशामा बदलिएको छ।भवन निर्माणका लागि १५ करोड रुपैयाँमा ठेक्का सम्झौता गरिएको थियो।

सम्झौताअनुसार तीन वर्षभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि टिडीआर लक्ष्मी मजदुर निर्माण सेवाले पेस्की लिएर कामलाई गति दिन सकेन। स्थानीयका अनुसार निर्माण व्यवसायीको लापरवाही र गाउँपालिकाको प्रभावकारी अनुगमन अभावले अस्पताल भवन लामो समय अलपत्र रह्यो।अस्पताल निर्माणका लागि प्राविधिक सहयोग सघन सहरी विकास तथा भवन निर्माण आयोजनाले गरेको थियो।

तर सुरुमा ठेकेदारले १ करोड २८ लाख रुपैयाँ पेस्की लिएर काम छाडेपछि निर्माण प्रक्रिया ठप्प जस्तै बनेको थियो। पहिलो रनिङ बिलअन्तर्गत १ करोड ४ लाख रुपैयाँ भुक्तानी भइसकेको छ भने दोस्रो रनिङ बिल ५५ लाख रुपैयाँको भुक्तानी प्रक्रियामा रहेको गाउँपालिकाले जनाएको छ। कनकासुन्दरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत दीपेन्द्र भण्डारीका अनुसार अहिले निर्माण कार्यले केही गति लिएको छ।

ठेकेदार कम्पनी लामो समय सम्पर्कविहीन बनेको अवस्थामा जुम्लाका अर्जुनसिंह कठायतले कामको जिम्मा लिएपछि निर्माण फेरि अघि बढेको हो। गाउँपालिकाले म्याद थप गरेर कामलाई तीव्र बनाइएको जनाएको छ।यस्तै, २०७७ मंसिर २१ मा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री नवराज रावतले तिला गाउँपालिकाको ३ कुडारीमा १० बेडको अस्पताल भवनको शिलान्यास गरेका थिए।

२०७९ माघसम्म निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि भवन अझै तयार हुन सकेको छैन। संघीय सरकारको १२ करोड रुपैयाँ लागतमा निर्माण थालिएको अस्पतालमा बजेट समयमै नआउँदा पटकपटक म्याद थप्नुपरेको गाउँपालिकाको भनाइ छ। तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाका अनुसार निर्माणको काम अन्तिम चरणमा पुगेको छ। खानी खड्का र कमल जित जेभी निर्माण सेवाले काम गरिरहेको उक्त भवन आगामी असारसम्म हस्तान्तरण गर्ने तयारी छ।

अहिले झ्यालढोका जडान र रंगरोगनको काम बाँकी रहेको उनले बताए।तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मा देशभरका स्थानीय तहमा ५ देखि १५ बेडसम्मका अस्पताल निर्माण गर्ने योजना अघि सारेका थिए। सोही योजनाअन्तर्गत कर्णालीका ४२ स्थानीय तहमा ४२ वटा अस्पताल निर्माणका लागि छनोट गरिएको थियो।

# वन्यजन्तुमैत्री छैन सिक्टाको पश्चिमी मूलनहर

**युग संवाददाता**
**बाँके, १४ वैशाख ।**

जिल्लामा निर्माणाधीन सिक्टा सिँचाइ आयोजनाको पश्चिमी मूलनहर वन्यजन्तुमैत्री नहुँदा अकालमै वन्यजन्तु मर्ने गरेका छन्। प्यास मेटाउन पुग्ने वन्यजन्तु नहरमै फसेर मर्ने गरेका हुन्।

सिक्टा सिँचाइको पश्चिमी मूलनहरको अधिकांश भाग बाँके राष्ट्रिय निकुञ्ज क्षेत्र, सामुदायिक वन, राष्ट्रिय वन तथा सरकारद्वारा व्यवस्थित गरिएको चक्ला वन क्षेत्रमा पर्ने भएकाले जोखिम बढ्दो छ।

गर्मीयाम सुरु भएसँगै हरेक दिनजसो पानी पिउन नहरमा पुग्ने वन्यजन्तु नहरमा मर्ने गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी टङ्क गुरुङले बताए। उनका अनुसार पछिल्लोपटक शनिबारमात्र एकैदिन हरलाफाँटा सामुदायिक वन क्षेत्रको नहरमा चारवटा चित्तल फसेका थिए। स्थानीय वनका पदाधिकारी, स्थानीय, वन कर्मचारी तथा निकुञ्ज कर्मचारीको संयुक्त प्रयासमा उनीहरूलाई सकुशल उद्धार गरी सुरक्षित वन क्षेत्रमा छाडिएको छ।

यसअघि राप्तीसोनारी गाउँपालिका-२ खोरियास्थित नहरमा शुक्रबार पानीमा फसेको मृगलाई मारेर मासु भागवण्डा गरेर घरतिर जाँदै गर्दा स्थानीय तीन जना पक्राउ परेका छन्। मासु बोकेर घर जाँदै गर्दा उनीहरूलाई वन क्षेत्रमै बाँके राष्ट्रिय निकुञ्ज, डिभिजन वनका कर्मचारी र स्थानीयले पक्राउ गरेका थिए।

डिभिजन वन कार्यालयका वरिष्ठ वन अधिकृत सुशील सुवेदीका अनुसार वन्यजन्तु पानी पिउनका लागि नहरमा जाने गर्दछन्। पछिल्लो समयमा त डढेलोका कारण पनि धेरै वन्यजन्तु नहरमा फस्ने गरेका छन्। अहिले बाँके राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय, सामुदायिक तथा अन्य वनहरूमा डढेलो भइरहेका कारण पनि चित्तल, मृग, नीलगाई, बँदेलगायतका वन्यजन्तु भाग्दै जाँदा नहरमा फस्ने घटनामा वृद्धि भएको उनको भनाइ छ।


## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**

### कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०१।१४**

यस कोहलपुर नगरपालिकाको आ.ब. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत २०% लागत साझेदारीमा टोल विकास संस्थाको क्षमता अभिवृद्धि तथा अवलोकन कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०८३।०१।२१ गते) भित्र नगर कार्यपालिकाको कार्यालय आर्थिक तथा सामाजिक विकास शाखामा सिलबन्दी प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्यक्रमको शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १. | टोल विकास संस्थाको क्षमता अभिवृद्धि तथा अवलोकन कार्यक्रम | २,५०,०००।- | नगरपालिकाले व्यहोर्नेः २,००,०००।-<br>संस्थाले व्यहोर्नेः ५०,०००।- |

**आवदेन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. सरकारी निकायमा दर्ता / नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी।
२. कोहलपुर नगरपालिकामा संस्था सुचिकृत प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८१।०८२ कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि।
५. कार्यक्रमको प्रस्तावना सहित संलग्न आर्थिक प्रस्ताव।
६. कोहलपुर नगरपालिकाको कृषि विकास बैंक, विविध खर्च खाता नं ०७२०५०१०००२३५३९१ मा साझेदारी रकम बैंकमा जम्मा गरेको भौचरको प्रतिलिपि।

पुनश्चयः थप जानकारीका लागि कोहलपुर नगरपालिका आर्थिक तथा सामाजिक विकास शाखामा सम्पर्क गर्नुहुन।

**प्रमुख प्रशासकीय अधिकृत**

## Aathabis Municipality
## Office of Municipal Executive
**Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Bids

**Date of publication: 28th Apr, 2026**

1. The Aathabis Municipality, Office of Municipal Executive invite the electronic bids from eligible bidders for the following goods under sealed Quotation.

| S. N | Contract ID | Description of works and goods | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid security Validity Period | Estimated Amount (Including VAT ) |
|---|---|---|---|---|---|---|
| 1 | 04/SQ/AM/ G/2082-083 | Kharchhana Mukta Karyakaram Ward No. 01. (Procurement of CGI sheet) | 1,000.00 | 38000 | 75 days | 15,00,000 |

2. Details of Date and Time for bid submission and opening:

| S.N | Contract ID | Last Date and Time of Bid Submission | | Date and Time of Bid Opening | |
|---|---|---|---|---|---|
| 1 | 04/SQ/AM/G/2082-083 | 12:00 PM | 2083/01/30 B.S | 01:00 PM | 2083/01/30 B.S |

3. Details to deposit the fee of bidding document and bid bond:

| Office Name | Bank Name | Revenue Account No. | Dharauti Account No. |
|---|---|---|---|
| Aathabis Municipality, office of Municipal Executive Rakam karnali, Dailekh | Nepal investment bank Ltd, daba branch, Dailekh | 06301400250085 | 06301400250030 |

4. For more information Please visit PPMO's website http://www.bolpatra.gov.np/egp .

**Chief Administrative Officer**

## Chaurjahari Municipality
## Office of the Municipal Executive
**Rukum (West)**

### Invitation for Bids (IFB)

**Date of publication: 2083/01/15**

1. Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Goods under National competitive bidding – Single Stage Single Envelope procedures,mentioned in the table below

| S. N | Description Of Work | Contract ID | Bid Security (NRs) | Bid Validity Period | Bid document Fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Copy for Community school of Chaurjahari Municipality, Rukum west | CJM/GOODS/ NCB/04/082/083 | 71500.00 | 90 Days From Bid Opening | 3000 |

2. Elligible bidders may obtain further information from PPMO's website:www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Narayan Municipality
## Office of Municipal Executive
**Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Bids

**Notice no: 06/082/083**
**(First Date of Publication: 2083/01/15)**

1. Narayan Municipality invites Online bids under e-procurement system from Nepalese eligible bidders for the following Procurement of goods as shown in the table below under Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Narayan Municipality Dailekh, Mobile no: 9858051221 and may visit Narayan website www.narayanmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Rastriya Banijya Bank**
**Name of Office: Narayan Municipality Office, Dailekh**
**Office Code no. : 60667404**
**Rajashow Account no.: 4010100301010002**
**Dharauti Account no.: 4010100303000002**

| S. N. | IFB no. | Name of the Project | Cost Estimate (Without VAT) | Bid Security Amount (NRS) | Bid Document FEE (NRS) | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | SQ/NM/ 2082-083/ Goods/02 | Procurement of medicine,surgical and medical equipments for fiscal year 2082-083 (2nd phase) | 14,17,000 | 40,000 | 1000 | 2083/01/30 |

**Chief Admistrative Officer**

## Gauriganga Municipality
## Office of Municipal Executive
**Chaumala, Kailali**

### Invitation for Electronic Bid

**Date of publication: 2026/04/28 (Baishakh 15th 2083)**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | GGM/GOODS/ SQ/01/2082/083 | Supply and Installation of Portable Cold Chamber (as per approved Specification) at Gauriganga Municipality | 1649458.70/- | 55,000/- | 1000/- NRS | 3rd Notice |
| 2 | GGM/WORKS / SQ/17/2082/083 | Agricultural Program For Target Group (Construction and Installation of 8 Nos. Polyhouse as per Approved Specifications at Gauriganga Municipality. | 970057.36/- | 25,000/- | 1000/- NRS | 1st Notice |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/05/13, (30th Baishakh, 2083). Detail Notice is published in the website of The Municipality.

**Chief Administrative Officer**

# सुरक्षित गर्भपतन सेवा असुरक्षित

**युग संवाददाता**
**काठमाडौँ, १४ वैशाख ।**

विक्रम संवत् २०७६ चैत ११ देखि २०७७ साउन ६ सम्मका कोभिड-१९ कारण 'लकडाउन'मा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए। महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो। कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न अप्ठ्यारो भएको हो। महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो।

वि.सं. २०८१ साउनमा चितवनको एक अस्पतालमा गर्भपतन गराउने क्रममा एक महिलाको मृत्यु भयो। भरतपुर महानगरपालिका-२६ की ३२ वर्षीया नवीना महतोको अत्यधिक रक्तस्राव नरोकिएपछि अकालमा निधन भएको थियो। तत्कालीन समयमा गर्भपतन सेवा दिएको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी नै सूचीकृत तथा तालिम प्राप्तसमेत थिएनन्। 'मेडिकल हव'मा विकसित हुँदै गरेको चितवनमा पछिल्लो समय पनि असूचीकृत स्वास्थ्य संस्था तथा तालिम अप्राप्त स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिने क्रम घटेको छैन।

पर्साको बहुदरमाई नगरपालिका-६ स्थित भौवटारकी लालसा साह कानु को विसं २०८२ को जेठ अन्तिम साता अत्यधिक रक्तस्रावपछि निधन भयो। २४ वर्षीया कानुको गर्भपतनको असूचिकृत औषधि असूचीकृत औषधि पसलबाट किनेर स्वास्थ्यकर्मीको सल्लाह विना आफूखुसी खाएपछि स्वास्थ्य जटिलता देखिएको थियो।

जटिल अवस्थामा स्वास्थ्य संस्थामा पुगेपछि उपचारका क्रममा उनीको निधन भएको थियो। पर्सामा गर्भपतनका औषधि अनधिकृत पसलबाट अनधिकृत बिक्री हुँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रणमा चुनौती छ। सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि जटिलता थपिएको हो। 'गर्भपतन सेवा लिन सूचीकृत स्वास्थ्य संस्थामै जानुपर्छ' र 'गर्भपतनका लागि अनधिकृत औषधि स्वास्थ्यकर्मीका सल्लाह विना सेवन गरिनु हुँदैन' भन्ने चेतनाका अभाव छ।

# सुस्तायो...

हालसम्म आधिकारिकरुपमा कुनै जानकारी आएको छैन।'

नेपालको भूगर्भमा पेट्रोलियम पदार्थ रहेको भनेर लामो समयदेखि चर्चा चल्दै आएको भएपनि दैलेखमा जमिनमुनी अनुसरणात्मक ड्रिलिङमार्फत पेट्रोलियम पदार्थ पत्ता लागेको यो पहिलो परियोजना हो।

'ड्रिलिङको काम सम्पन्न भएसँगै प्राप्त ग्यासको विशेषता कस्तो प्रकृतिको छ भनेर पत्ता लगाउन थप परीक्षणका कामहरु बाँकी नै छन्,' उनले भने, 'बाँकी टेस्टिङ गरिसकेपछि आर्थिक, प्राविधिक र वातावरणीय पक्षको सुक्ष्म अध्ययन र विश्लेषण पश्चात सकारात्मक नतिजा निस्केपछि उत्पादनको कार्यअघि बढ्छ।'

# आगामी दश वर्षमा चौबीस हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गरिने

**रमेश लम्साल/रासस**
**काठमाडौँ, १४ वैशाख ।**

सरकारले आर्थिक वर्ष २०९२/९३ सम्ममा सरकारी, सार्वजनिक र निजी क्षेत्रको समेत लगानीमा कुल २४ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गरेको छ।

सो रणनीतिमा यसअघि प्रस्ताव गरिएका, अध्ययन भएका, निर्माणमा रहेका र निर्माणमा जान तयार अवस्थामा रहेका आयोजना रहेका छन्। जलाशय र अर्धजलाशय प्रकृतिका आयोजनाका अलावा सौर्य ऊर्जा परियोजनालाई पनि रणनीतिमा समावेश गरिएको छ। रणनीतिमा बहुचर्चित बुढीगण्डकी जलाशयुक्त आयोजना २०८१ सालसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना निर्माणको तयारीमा छ। लगानी ढाँचा तय भएको तर कार्यान्वयनमा भने गइनसकेको सो आयोजनालाई सरकारले प्राथमिकतामा राखेको छ।

रणनीतिमा समावेश गरिएको कार्ययोजनामा निकट भविष्यमा नै रघुगङ्गा जलविद्युत् आयोजना सम्पन्न हुने उल्लेख छ। कुल ४० मेगावाट क्षमताको सो आयोजना निर्माणको अन्तिम चरणमा छ। यसैगरी, १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना आव २०८५/८६ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ।

रणनीतिमा प्रस्ताव गरिएअनुसार ४२ मेगावाट क्षमताको माथिल्लो मोदी ए, १८ दशमलव दुई मेगावाट क्षमताको माथिल्लो मोदी, ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ बी सम्पन्न हुने लक्ष्य राखिएको छ। निर्माणको तयारीमा रहेको दूधकोशी जलाशययुक्त आयोजना २०९१ सालसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सो आयोजनाको क्षमता ६७० मेगावाट रहेको छ।

एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, ४१७ मेगावाट क्षमताको नलगाड पनि सोही वर्ष सम्पन्न गर्ने कार्ययोजनामा समावेश छ। यस्तै, ४९० मेगावाट क्षमताको अरुण चौथो, ४३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजना विसं २०९० सम्म निर्माण सम्पन्न हुनेछ।

त्यसैगरी, २१० मेगावाटको चैनपुर सेती २०८७ सालसम्म सम्पन्न गर्ने सरकारको लक्ष्य छ। कुल ९९ मेगावाट क्षमताको तामाकोशी पाँचौं, २८१ मेगावाट क्षमताको नौमुरे, ८२८ मेगावाट क्षमताको उत्तरगङ्गा जलविद्युत् आयोजनालाई पनि विशेष प्राथमिकतामा राखिएको छ। उत्तरगङ्गा जलविद्युत् आयोजना २०९२ सालसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धन गर्ने एक हजार मेगावाट क्षमताको सौर्य परियोजना भने २०८५ सालसम्ममा सम्पन्न हुनेछन्। निजी क्षेत्रका प्रवर्द्धकले लगानी एवं उत्पादन गर्ने सौर्य परियोजना प्रतिस्पर्धाका आधारमा छनोट गरी अगाडि बढाइएको छ। ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनका लागि सौर्यका आयोजना प्रस्ताव गरिएको छ।

त्यसैगरी, सरकारी कम्पनी र प्राधिकरण तथा अन्य सहायक कम्पनीले प्रवर्द्धन गर्ने तीन हजार ५०० मेगावाट क्षमताका आयोजनाहरू पनि २०९२ सालसम्ममा सम्पन्न हुनेछन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले प्रवर्द्धन गर्ने सौर्य तथा निर्यात केन्द्रित आयोजनाहरू पनि सोही वर्षसम्म सम्पन्न हुनेछन्। ती आयोजनाको क्षमता १४ हजार मेगावाटबराबर रहेको छ।

## गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**अत्तरिया, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति : २०८३/०१/१५**

यस गोदावरी नगरपालिकाबाट मिति २०८२।१२।०४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम निर्धारित समयभित्र रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूतरुपमा प्रभावग्राही न्यून मूल्याङ्कित देखिएको हुँदा स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | कामको विवरण, बोलपत्र संकेत नं. | बोलपत्रदाताको नाम, ठेगाना | मूल्याङ्कित रकम (मू.अ. कर बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|
| १. | Construction of Slab Culvert at ward no 4, Baskota GM/ NCB/W/2082/083/19 | M/S Suman Construction Bhimdatt -05-Kanchanpur | 24,95,575.35 | |

**प्रमुख प्रशासकीय अधिकृत**

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री राम वहादुर शाही धनी रहेको, दर्ता नम्बर ७००१/०७७/०७८ बाट वीन.न.पा-११, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री रामु ग्यारेज नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।


## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन्।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

## GANGAMALA TRAVELS & TOUR PVT. LTD
## CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



- MINI BUS
- JEEP/CAR
- EV VAN
- SUMO JEEP


**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।